# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 10.01.2025**

**NAMPRIKDANG NAMSOONG FESTIVAL**

राज्य स्तरीय नाम्प्रिकदाङ नाम्सूङ उत्सव 2024-2025 अप्पर जंगुको नाम्प्रिकदाङमा आजदेखि शुरू भएको छ।

सड़क तथा पूल मन्त्री श्री नरबहादुर दाहालले यसको उद्घाटन गर्नुभयो।

तीन दिने लामो उत्सवको आयोजना नाम्प्रिकदाङ नाम्सूङ समारोह समितिले गरिरहेछ।

आफ्नो वक्तव्यमा श्री दाहाले नाम्सोङ उत्सवलाई उत्तर सिक्किमको अद्वितीय परम्पराको संरक्षण र प्रदर्शन गर्ने एउटा मञ्च बताउनुभयो।

2023 सालको अक्तुवर महीनामा क्षेत्रलाई प्रभावित गर्ने हिमनदी विस्फोटका चुनौतीहरूको सामना गरेर पनि उत्सव आयोजन गरिएकोमा उहाँले आयोजकहरूको प्रशंसा गर्नुभयो।

श्री दाहालले क्षेत्रमा सम्पर्क व्यवस्था पुन शुरू गर्नमा सेना, सीमा सड़क संगठन र ग्रेफको अथक प्रयासको सराहना गर्नुभयो।

मन्त्रीले स्थानीय मानिसहरू र जिल्ला प्रशासनलाई क्षेत्रको सांस्कृतिक विरासतको प्रवर्द्धन गर्ने दिशातर्फ एकजुट भएर काम गर्ने आग्रह गर्नुभएको छ।

सांस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता र अभिनन्दन कार्यक्रम समारोहका अन्य आकर्षण थिए।

**MOS MEETS CM**

केन्द्रीय गृह मामिला राज्य मन्त्री श्री नित्यानन्द राईले आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित उहाँको सरकारी निवास मिन्तोगाङमा शिष्टाचार भेट गर्नु भयो।

भेटघाटका बेला उहाँहरूले राज्यका विभिन्न महत्वपूर्ण मामिलाहरूबारे बिचारविमर्श गर्नुभयो।

## TAX DEVOLUTION

केन्द्रले आज  राज्य सरकारहरूलाई एक लाख तिरात्तर हजार तीस करोड़ रूपियाँको कर राशि जारी गरेको छ।

यसअघि पहिलो दिसम्वर  2024 मा नवासी हजार छयासी करोड़ रूपियाँको कर राशि हस्तान्तरन गरिएको थियो।

वित्त मन्त्रालयको भनाइमा राज्यहरूको पूंजीगत ब्यय तेजी ल्याउन र राज्यहरूलाई विकास तथा कल्याण सम्वन्धी व्ययको वित्त पोषणमा सक्षम बनाउने उद्देश्यले यो महीना अधिक राशि हस्तान्तरित गरिएको हो।

यसैवीच सिक्किमलाई छ सय एकात्तर करोड़ रूपियाँ भन्दा मढ़ता राशि प्राप्त भएको छ।

## CALENDER LAUNCHING PROGRAM

अखिल सिक्किम खस छेत्री बाहु कल्याण संघले आँउदो छब्बीस फरवरी आफ्नो स्थापना दिवसको अवसरमा खस सम्मेलन आयोजना गर्नेछ।

राज्यका शिक्षा मन्त्री तथा संघका पूर्व अध्यक्ष श्री राजु बस्नेतले यस्तो आशयको जानकारी दिनुभएको हो।

उहाँ आज तादोङ गान्तोकमा संघद्वारा तयार पारिएको नववर्ष 2025 को क्यालेण्डर विमोचन समारोहमा विशष्ट अतिथिको रूपमा बोल्दैहुनुहुन्थ्यो।

मन्त्रीले समुदायका सदस्यहरूसित आफ्नो संस्कृति र परम्पराको संरक्षणमाथि ध्यान दिने आग्रह गर्नुभयो।

आफ्नो वक्तव्यमा गेजिङ बर्मेक क्षेत्रका विधायक श्री लोकनाथ शर्माले भन्नुभयो अखिल सिक्किम खस छेत्री बाहुन कल्याण संघ कुनै धर्म र राजनीतिसित जोड़िएको संघ होइन र संगठनलाई अघि बढाउन सबैले एकजुट भएर काम गर्नुपर्छ।

यसअघि समारोहमा बोल्दै अखिल सिक्किम खस छेत्री बाहुन कल्याण संघका अध्यक्ष श्री नारायण खतिवडाले क्यालेण्डर तयार पार्नुको उद्देश्य र संघका गतिविधिहरूबारे प्रकाश पार्नुभयो।

## GOVERNOR MELA INVITATION

जूम सालघारीका बिधायक श्री मदन सिन्चुरी जो जोरथाङ माघे संक्राति मेला समितिका मुख्य संरक्षक हुनुहुन्छ उहाँ र अन्य कार्यकारी सदस्यहरूको टोलीले  आज राजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित भेट गर्यो।

मुख्य संरक्षकले मेला समितिको तर्फबाट उद्घाटन समारोहका निम्ति राज्यपाललाई निमन्त्रणा दिनुभयो।

जिरथाङ मैदानमा माघे संक्राति मेला आँउदो मंगलबार चौध जनवरीदेखि आरम्भ हुनेछ।

## NEW AMIRIT BHARAT

केन्द्रीय रेलवे तथा सूचना प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभएको छ मध्यम र कम्ती आम्दानी हुने मानिसहरूका लागि गुणवत्तापूर्ण सेवा प्रदान गर्ने नयां अमृत भारत रेलगाड़ीहरू चाँड़ै शुरू गरिनेछ।

चेन्नाईमा आज मीडियासित कुराकानी गर्दै श्री वैष्णवले भन्नुभयो प्रधानमन्त्री श्री नरेन्द्र मोदीको परिकल्पना देशका प्रत्येक नागरिकलाई विश्व स्तरीय सुविधा प्रदान गर्ने रहेको छ।

उहाँले भन्नुभयो प्रधानमन्त्रीको सपनालाई साकार बनाउनु अमृत भारत 2.0 शुरू गरिने भएको हो।

## CM GOLD CUP

अखिल सिकिकम मुख्यमन्त्री स्वर्णकप फुटबल टुर्नामेण्ट अन्तर्गत रोजथाङ मैदानमा आज भएको दोस्रो दिनको म्याच सिक्किम पुलिसले जित्यो।

यसले इस्टर्न रेलवे स्पोर्टिङ क्लबलाई पाँच गोलले हरायो।

पराजित टीमले एक गोल मात्र गर्न सक्यो।

## INTER CONSTITUENCY FOOTBALL

माघे संक्राति मेलाको एक भागको रूपमा जोरथाङमै भइरहेको राज्य स्तरीय अन्तर समष्टि फुटबल टुर्नामेण्टमा आज दरमदिनले मार्ताम रूम्तेकलाई पेनाल्टी शूटआउटमा चारको विरूद्ध पाँच गोलले हरायो।

पराजित टीमले चार गोल गर्न सक्यो। आज शहरी विकास मन्त्री श्री भोजराज राई मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

## WEATHER

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार बितेको चौविस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान चौध दशमलउ पाँच डिग्री सेल्सियस र न्यूनतम तापमान छ दशमलउ आठ डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि आकाश खुल्ला रहनेछ अनि अधिकतम तापमान पन्ध्र डिग्री र न्यूनतम तापमान आठ डिग्री सेल्सियस रहनेछ।